## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ माघ १५ गतेको बैठकका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | बृहत्तर लुम्बिनी क्षेत्र विकास आयोजनाका लागि विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बाट प्रस्तावित ८५ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने सम्बन्धमा वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वाता टोली गठन गर्ने। |
| २ | अर्थ मन्त्रालय | नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको पुनर्संरचनासम्बन्धी सुझाव समितिले पेश गरेको नेपाल स्टक एक्सेञ्जको पुनर्संरचना सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने र उक्त प्रतिवेदन कार्यान्वयनको व्यवस्था अर्थ मन्त्रालयले मिलाउने। |
| ३ | गृह मन्त्रालय | प्रतिनिधि सभा निर्वाचन, २०८२ मा कमाण्ड पोष्ट र निर्वाचन सेलमा खटिने कर्मचारीलाई निर्वाचन भत्ता उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने। |
| ४ | गृह मन्त्रालय | २०८२ फागुन १ गतेदेखि लागु हुनेगरी नेपाल प्रहरीको रासन स्केल र रासन बापतको रकम वृद्धि गर्ने। |
| ५ | परराष्ट्र मन्त्रालय | नेपाल र जापानबिचको कूटनीतिक सम्बन्ध स्थापनाको ७० औँ वर्षगाँठको उपलक्ष्यमा जापानको औपचारिक भ्रमण गर्न सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको नेतृत्वमा २०८२ माघ १८ देखि २१ गतेसम्म सहभागी हुने नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र उल्लिखित औपचारिक भ्रमण स्वीकृत गर्ने। |
| ६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणीका दुईजना सहसचिवहरूको सरुवा गर्ने। |